# तादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट , खरानीटार

बागमति प्रदेश, नेपाल ।

## नागरिक वडापत्र २०८२

| क्र. सं. | प्रदान गरिने सेवा | आवश्यक कागजातहरु | लाग्ने समय | दस्तुर | जिम्मेवार पदाधिकारी/ शाखा/ईकाइ/केन्द्र |
|---|---|---|---|---|---|
| १ | आयोजना तथा कार्यक्रम सम्झौता | • निवेदन,<br>• लागत अनुमान<br>• उपभोक्ता समितीको हकमा उपभोक्ता समिती गठन भएको निवेदनको प्रतिलिपि,<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस,<br>• उ.स. का पदाधिकारीको नागरिकताको प्रतिलिपि,<br>• उ.स. को छाप,<br>• उपभोक्ता समिति सहजीकरण पुस्तिकामा तोकिए वमोजिमका कागजातहरु<br>• तालिम तथा अन्य कार्यक्रमको हकमा कार्यालयले माग गरेका दरभाउपत्र तथा प्रस्तावहरु मध्ये सवैभन्दा कम मुल्य अंकित र उपयुक्त फर्म वा संस्थाको दरभाउपत्र तथा प्रस्ताव स्विकृत भएको हुनुपर्ने,<br>• फर्म वा संस्थाको निवेदन, छाप । | सवै प्रमाण पुगेपछी एक दिन | निशुल्क | प्रमुख प्रशासकीय अधिकृत/योजना तथा अनुगमन इकाई/प्राविधिक शाखा |
| २ | आयोजना तथा कार्यक्रमको रकम भुक्तानी | • निवेदन, सम्झौता पत्र, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन,<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस,<br>• आयोजनाको फोटो(सुरु अवस्था, कार्य गर्दाको अवस्थाम कार्यसम्पन्न हुँदाको अवस्था)<br>• खर्चका सम्पुर्ण विलभरपाईहरु,<br>• उपभोक्ता समिति सहजीकरण पुस्तिकामा तोकिए वमोजिमका कागजातहरु<br>• तालिमहरुको हकमा कार्यक्रमका फोटाहरु सहितको तालिम प्रतिवेदन समेत पेश गर्नुपर्ने। | सवै प्रमाण पुगेपछि २ दिन। | निशुल्क | प्रमुख प्रशासकीय अधिकृत/आर्थिक प्रशासन इकाई/योजना तथा अनुगमन इकाई |
| ३ | घरको नक्सा पास | • तोकिएको निवेदन,<br>• जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,<br>• जग्गाको ब्लु प्रिन्ट नक्सा,<br>• नेपाली नागरिकता को प्रमाण पत्रको प्रतिलिपि,<br>• मालपोत वा एकिकृत सम्पत्ति कर तिरेको रसिद,<br>• घरको नक्सा २ प्रति<br>• संधियारको सर्जमिन मुचुल्का,<br>• घरको नक्सा र संरचना वस्ती विकास, शहरी योजना तथा भवन निर्माण आधारभुत मार्ग दर्शन २०७२ अनुसार हुनुपर्ने। | १ महिना | आर्थिक ऐन अनुसार | प्रमुख प्रशासकीय अधिकृत/इन्जिनियर |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अपाङ्ग परिचयपत्र वितरण | • निवेदन पत्र<br>• नागरिकता प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्र,<br>• कुन प्रकारको शारिरीक अपांग हो मेडिकल अधिकृतको सिफारिस,<br>• व्यक्ति स्वयम उपस्थित हुनुपर्ने | कम्तिमा १५ दिन | निशुल्क | सामाजिक विकास शाखा |
| ५ | एकिकृत सम्पत्ती कर/घर जग्गा कर | • निवेदन, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि<br>• भवन नक्सा स्विकृती प्रमाण पत्र र नक्साको प्रतिलिपि,<br>• भवन/जग्गा खरिद गरेको भए मालपोतबाट रजिष्ट्रेशन पारित लिखतको प्रतिलिपि,<br>• स्थानिय तह घोषणा हुनुपुर्व निर्माण भएका भवनका हकमा नापी नक्सा वा स्थलगत प्राबिधिक प्रतिवेदन,<br>• अघिल्लो आ. व. को मालपोत तिरेको रसिद,<br>• आन्तरिक राजश्व कार्यालयमा कर तिरेको भए सो को प्रमाणित प्रतिलिपि,<br>• नागरिकता र नापी नक्साको प्रमाणित प्रतिलिपि | १ घण्टा | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| ६ | बहाल कर | • निवेदन पत्र, बहाल सम्झौता,<br>• नेपाल सरकारमा बहाल सँग सम्बन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,<br>• नागरिकताको प्रमाणित प्रतिलिपि,<br>• चालु आ. व. सम्म घर जग्गा मालपोत तिरेको रसिदको वा निर्धारण आदेशको प्रमाणित प्रतिलिपि। | १ घण्टा | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| ७ | विज्ञापन कर | • निवेदन र संस्थाको प्रमाणित कागजात,<br>• सम्बन्धित स्थानिय तहमा तिर्न बुझाउन पर्ने व्यवसाय र अन्य करको प्रमाणित प्रतिलिपि। | १ घण्टा | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| ८ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दर्ता | • १. आर्थिक क्षमताः प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारि फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पूँजी देखाई उद्योग दर्ता भएको हुनपर्नेछ ।<br>• २. मुख्य जनशक्ति विवरण मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरीङ्ग विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक कुनैपनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनीक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तीको सेवा पुरा समय हुने व्यवस्था हुनुपर्नेछ ।<br>• ३. मेशीन र उपकरणः<br>• टिफर/ट्याक्ट्र (एक/एक) थान<br>• मिक्चर एक थान<br>• **Theodolite/Level Machine** (एक सेट)<br>• वाटर पम्प (तीन थान)_<br>• भाइब्रेटर (तीन थान) | अधिकतम १ महिना | आर्थिक ऐन अनुसार | प्रमुख प्रशासकीय अधिकृत/इन्जिनियर |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरण | • निवेदन कर चुक्ता प्रमाणपत्र<br>• अघिल्लो आ.व.मा भएको कारोवारको विवरण | १ दिन | आर्थिक ऐन अनुसार | प्रमुख प्रशासकीय अधिकृत/इन्जिनियर |
| १० | सहकारी दर्ता | • सहकारी संस्थाको प्रस्तावित विनियम,<br>• सहकारी संस्था सञ्चाऌको सम्भाब्यता अध्ययन प्रतिवेदन<br>• सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण | | आर्थिक ऐन अनुसार | प्रमुख प्रशासकीय अधिकृत/राजश्व प्रशासन इकाई/सामाजिक विकास शाखा |
| ११ | पशु उपचार सेवा | • कृषकको नाम दर्ता गर्ने<br>• विरामी पशु लिएर आउनुपर्ने | १५ मिनेट | | पशु शाखा |
| १२ | पशुपालक कृषि समुह दर्ता | • रु १० को टिकट टाँसी निवेदन दिनुपर्ने<br>• सवै समुह सदस्यहरुको नागरिकता प्रतिलिपि<br>• सम्वन्धित वडा कार्यालयको सिफारिस<br>• पशु विकास शाखाको सिफारिस | निवेदन दर्ता भएको भोलिपल्ट | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| १३ | कृषक फर्म दर्ता | • रु १० को टिकट टाँसी निवेदन दिनुपर्ने<br>• लालपुर्जाको फोटोकपि<br>• भाडामा लिएको भए भाडा सम्झोता र नागरिकताको फोटोकपि सम्वन्धित वडा कार्यालयको सिफारिस<br>• कृषि विकास शाखाको सिफारिस | निवेदन दर्ता भएको भोलिपल्ट | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| १४ | व्यवसाय दर्ता | • निवेदन<br>• लालपूर्जाको फोटोकपी<br>• मालपोत तिरेको रसिद<br>• नागरिकताको फोटोकपि<br>• सम्वन्धित वडा कार्यालयको सिफारिस | निवेदन दर्ता भएको भोलिपल्ट | आर्थिक ऐन अनुसार | राजश्व प्रशासन इकाई |
| १५ | न्यायिक कार्य | • स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ मा व्यवस्था भए बमोजिमका न्यायिक कार्य सम्पादन गर्न विवादको प्रकृती र व्यहोरा खुलेको निवेदन र सो सँग सम्बन्धित पुष्ट्याईका कागज प्रमाणहरु | निवेदनको प्रकृती र व्यहोरा अनुसार समय लाग्ने | आर्थिक ऐन अनुसार | न्यायिक समिती |
| १६ | परराष्ट्र प्रयोजनको लागी कागजात प्रमाणिकरण | • निवेदन<br>• वडा कार्यालयबाट तयार गरिएको प्रमाण पत्र<br>• सो प्रमाणपत्रलाइ पुष्टाइ गर्ने अन्य सक्कल कागजातहरू | प्रमाण पुगेमा तत्काल | आर्थिक ऐन अनुसार | प्र.प्र.अ. |